प्रेस चौतारी नेपालद्वारा आयोजित गोष्ठमा प्रस्तुत कार्यपत्र

# संविधानसभाका लागि मिडियाको भूमिका

– विनयकुमार कसजू

*"नयाँ राजनीतिक व्यवस्था रोज्नु भनेको एक प्रकारले नयाँ संचार व्यवस्था रोज्नु हो ।"*
*– इ. लोयड समरल्याण्ड*

राजा महाराजा, वा अधिनायकहरुको शासनमा उनीहरुले गरेको निर्णय जनतालाई घोषणा वा परिपत्रबाट जानकारी गराए पुग्थ्यो तर लोकतान्त्रिक व्यवस्था जनताको मतबाट चल्ने हुनाले राज्य संचालनका हरेक कुरामा जनताको मत आवश्यक हुन्छ र सरकारलगायत जनताको नाममा र जनताको करबाट पालिने सम्पूर्ण अंग र सार्वजनिक निकायहरुको काम कारवाही र निर्णयबारे जनता सुसूचित हुनैपर्छ । साथै जनप्रतिनिधि, सरकार र व्यवस्था रोज्नेदेखि योजना बनाउनेजस्ता सबै कुराहरुमा सही निर्णय गर्नका लागि जनता सुसूचित हुनुपर्छ । यो काम प्रेसले गर्छ । यो कार्यपत्रमा पत्रकारिता, प्रेस, मिडियालाई समानार्थी शब्दको रुपमा प्रयोग गरिएको छ । यसभित्र आमसंचारका परम्परागत र अत्याधुनिक प्रविधि र माध्यमहरु -अखबार, रेडियो, टेलिभिजन र इन्टरनेट) पर्छन् ।

प्रेसले सुसूचित र जनमत अभिव्यक्त गर्ने काममात्रै गर्दैन । जनमत बनाउने काम पनि गर्छ । यसै सन्दर्भमा अमेरिकी पूर्वराष्ट्रपति टमस जेफर्सनको बहुचर्चित भनाइ उद्धृत गर्ने गरिन्छ : "हाम्रो सरकारको आधार जनमत भएको हुँदा पहिलो लक्ष नै यसलाई ठिक ठाउँमा राख्ने हुनुपर्छ र यदि मैले अखबारबिनाको सरकार र सरकारबिनाको अखबारमध्ये एउटा रोज्नुपर्‍यो भने मैले एकछिन पनि अल्मल नगरी पछिल्लोलाई रोज्नेछु ।"

लोकतान्त्रिक समाजमा प्रेसको भूमिकालाई मुख्य रुपमा सत्ताको लागि हुने द्वन्द्व, शक्ति प्राप्ति, हस्तान्तरण, वितरणबारे गरिने संचार/रिपोर्टिङ तथा सार्वजनिक बहस छलफलको रुपमा लिइन्छ ।

## वारेसी प्रजातन्त्र र संविधान निर्माण गर्ने दायित्वबीच फरक

लोकतन्त्र भएका अधिकांश मुलकहरुमा जनताको राजनीतिमा सहभागिता भनेको चुनावमा भोट हाल्ने काममा सीमित देखिन्छ । जनताले चारपाँच वर्षका लागि आफ्नो प्रतिनिधि चुन्ने व्यवस्थाको सुरुवात त्यस बेला भएको थियो जति बेला यातायात र संचारका आधुनिक साधन मोटर रेल र रेडियोको आविष्कार पनि भएको थिएन र घोडा र हुलाक नै सबैभन्दा छिटो साधन थिए । यातायात तथा संचार प्रविधिको विकासले गर्दा अहिले स्थान र समयको दूरी एकदमै घटेको छ । अहिले संसारको जुनसुकै कुनामा बसेको मानिसले आफ्नो विचार संसारभरि तत्कालै पुर्‍याउन सक्ने प्रविधि उपलब्ध छ । यसैले अहिलेको युगमा जनताको राजनीतिमा सक्रिय सहभागिता संभव र सहज भएको छ र हरेक राजनीतिक निर्णयहरुमा जनताको अभिमत लिनु संभव भएको छ । यसलाई संभव बनाउने मुख्य भूमिका मिडियाले खेल्छ ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विराटनगरमा सेरिमोनियल राजाबारे व्यक्त गरेको विचार तत्काले देशभरि फैलियो र रातीसम्म विभिन्न स्थानमा विरोध प्रदर्शनहरु भए ।

भोलिको मिडियाले विरोधका समाचारसमेत कभर गर्‍यो । फलस्वरुप राजतन्त्रबारे दलहरु बढी स्पष्ट हुन बाध्य भए । यस्ता अनेकौं मुद्दा छन् जसलाई मिडियाले दिनदिनै बहसछलफलमा ल्याइरहेका छन् । यसरी निरन्तर जनतमत अभिव्यक्त र निर्माण पनि हुँदैछ । वारेसी प्रजातन्त्र र अहिलेको तरल राजनीतिक अवस्थाबीचको यो भिन्नतालाई नेपाली मिडियाले बुझेको र प्रशंसनीय भूमिका खेलिरहेको छ ।

**नयाँ नेपाल र प्रेस**

नयाँ नेपाल बनाउने काममा प्रमुख भूमिका राजनीतिको अनि नागरिक समाजको हुन्छ । तर राजनीतिज्ञ/नेता र नागरिक समाजका अगुवाहरुलाई सक्रिय, सचेत र सबल बनाउने, तताउने तथा खबरदारी गर्ने तत्व प्रेस नै हो ।

आधुनिक अर्थको प्रेसको उद्‌गम पश्चिमबाट भए पनि पूर्वमा प्रेसको उद्‌भव र भूमिका/दायित्व पश्चिमी प्रेसको तुलनामा भिन्न छ । यो भूमिका मिडियाको सूचित, शिक्षित र मनोरंजन गर्दै पहरेदारी र जनमत सिर्जना गर्ने भूमिकामा मात्रै टुंगिदैन । जनतालाई उत्प्रेरित र राष्ट्रिय तथा जनहितका सवालहरुका लागि एडभोकेसी गर्ने र एक्टिभिस्टको भूमिका खेल्ने काम पनि नेपाली मिडियाले गर्दै आइरहेको छ ।

नयाँ राज्य व्यवस्थाको स्थापनामा मिडियोको यो भूमिका अझ बढेको छ । अन्तरीम शासन कालदेखि संविधान सभाको निर्वाचन, नयाँ सम्विधान निर्माण र नयाँ राज्यव्यवस्थाको स्थापना गर्ने ऐतिहासिक काममा सहयोगी र सहकर्मी बन्ने अभूतपूर्व एवं ऐतिहासि अवसर र जिम्मेवारी नेपाली मिडियाको अहिलेको पुस्ताको काँधमा आएको छ । यो काम पूरा गर्न नेपाली मिडिया कति सक्षम छ ?

**नेपाली मिडियाको अहिलेको कानुनी अवस्था :**

माध्यमको दृष्टिले अहिले नेपाली मिडियाले परम्परागत छापा माध्यमदेखि अत्याधुनिक अनलाइन माध्यमको उपयोग गरिरहेको छ । अनलाइन माध्यमलाई छाडेर अन्य माध्यम वा प्रविधिको दृष्टिले मिडियालाई नियमन गर्ने कानुनहरु भएता पनि विषयवस्तु (कन्टेन्ट) को दृष्टिले नेपाली प्रेस अहिले सर्वाधिक शक्तिशाली र स्वायत्त छ । कन्टेन्टलाई रोक्ने कुनै पनि कानुन अहिले सक्रिय देखिँदैन ।

**मिडियामा नेपाली जनताको पहुँचको अवस्था :**

प्रेस काउन्सिलको पोहोरको प्रतिवेदनअनुसार नेपालमा कुल ४६१ पत्रपत्रिका नियमित रुपमा निस्किरहेका छन् । (दैनिक ६२, अर्द्धसाप्ताहिक ३, साप्ताहिक २९४, पाक्षिक २८ र मासिक ७४)

रेडियो नेपाले केन्द्रिय, क्षेत्रीय र स्थानीय एफएम स्टेसनहरुमार्फत सर्टवेभ, मिडियमवेभ र एफएम प्रविधिमा प्रसारण गरिरहेको छ ।

गैरसरकारी क्षेत्रमा ५६ वटा एफएम स्टेसनका लागि इजाजतपत्र बाँडिएकोमा झण्डै ४६ जति स्टेसनले प्रसारण गरिरहेका छन् ।

नेपाल टेलिभिजन (टेरेस्ट्रियल र स्याटेलाइट), नेपाल टेलिभिजन मेट्रो च्यानल (काठमाडौं उपत्यकामामात्र टेरेस्ट्रियल), कान्तिपुर टेलिभिजन (टेरेस्ट्रियल र स्याटेलाइट), च्यानल नेपाल (स्याटेलाइट), इमेज च्यानल (टेरेस्ट्रियल र स्याटेलाइट) साथै भारतबाट नेपाली अडियन्सलाई लक्षित गरी नेपाल 1 (नेपाली भाषामा भारतीय च्यानल स्याटेलाइटबाट) गरी जम्मा छ वटा टिभी च्यानलहरुले नेपाली विषयवस्तु प्रसार गरिरहेका छन् ।

नेपलाभरमा झण्डै ६०० केबुल कम्पनीहरुले सहरी क्षेत्रमा र केही जिल्लामा गाउँमा समेत माथि उल्लिखित टेलिभिजन कार्यक्रमहरुका साथै झण्डै ५० वटा छिमेकी र ग्लोबल टीभी च्यानलहरु पुर्‍याइरहेका छन् ।

अहिले आएर अनलाइन मिडियाको उपयोग अचानक बढेको छ । हालै नेपाल एफएम चौबिसै घण्टा केवल २५ सेकेण्डको फरकमा विश्वको जुनसुकै भागबाट पनि इन्टरनेटमा सुन्न सकिने भएको छ । सबैजसो ठूला आकारका दैनिक अखबारहरु वेबसाइटमाछन् । केही साप्ताहिक र काठमाडौं बाहिरका केही दैनिक र साप्ताहिक अखबारहरुसमेत वेबसाइटमा हेर्नसकिन्छ । दुई दर्जनजति समाचार र विचार दिने अनलाइनमा मात्रै सीमित मिडिया पनि संचालनमा छन् भने नेपालभित्र र बाहिर तथा काठमाडौंबाहिरबाट समेत सैयौं नेपाली ब्लगहरु संचालन भएका छन् जसले ताजाताजा समाचार र विचार दिने र बहस चलाउने काम गरिरहेका छन् ।

साथै भित्तेपत्रिका, गाउँलेपत्रिका, सामुदायिक पत्रिका, सामुदयिक अडियो टावर, स्थानीय टेलिभिजन र टेलिसेन्टरले समेत केही न केही मात्रामा नेपाली जनतालाई समसामयिक राजनीतिक घटना र विषयवस्तुहरु सूचित गरिरहेकाछन् ।

पहुँचलाई दुई ढंगले हेर्नुपर्छ : १) मिडियाको जनतामा पहुँच र २) जनतको मिडियामा पहुँच ।

पहुँचको दृष्टिले रेडियो सबैभन्दा व्यापक छ । विषयवस्तुको विविधता, सान्दर्भिकता र स्थानीयताको हिसाबले पनि रेडियो नै सबैभन्दा उपयोगी र अगाडि देखिन्छ । तैपनि स्याटेलाइट र केबुल नेटवर्कको व्यपकताले गर्दा प्रविधि, प्रभाव र आकर्षणको दृष्टिले टेलिभिजन निक्कै प्रभावशाली माध्यमको रुपमा द्रुत गतिले आइरहेको छ । अनलाइन माध्यम नेपालभित्रभन्दा विदेशमा, विश्वभरि छरिएका सचेत नेपालीहरुमा जनमत सिर्जना गर्न र तिनीहरुको मत नेपालमा प्रवाहित गर्न प्रभावकारी देखिन्छ ।

सर्कुलेसनको दृष्टिले दैनिक दुई प्रतिशत नेपालीले अखबार पढने अनुमान गर्नसकिन्छ । यो शहरी, सम्पन्न, बौद्धिक वर्गमा सीमित छ । तैपनि नेपालको राजनीतिमा एजेन्डा उठाउने काममा नेपाली भाषाका छापामाध्यमको प्रमुख भूमिका छ ।

## नेपली प्रेसको अबको भूमिका : विचारणीय पक्ष

लोकतन्त्रको स्थापनाका लागि जनआन्दोलनमा जनतालाई समाहित गर्ने काममा नेपाली मिडियाले जुन महत्वपूर्ण र गरिमामय भूमिका खेल्यो त्योभन्दा महत्वपूर्ण र कठिन जिम्मेवारी अब पूरा गर्नु पर्ने भएको छ । नेपाली जनताले सही भावी राजनीतिक व्यवस्था रोज्नका लागि आवश्यक सूचना दिने, सरोकारका विषयमा खुला छलफल बहस चलाउने, जनताको अभिमत लिने आदि काममा मिडियाको भूमिका र महत्वलाई कसैले पनि नकार्न सक्तैन ।

अहिलेसम्म नेपाली जनताले कुनै पनि राजनीतिक व्यवस्था, सत्ता, सरकार र प्रशासनसमेतलाई आफ्नो वा आफूले रोजेको भन्ने महसुस गर्न पाएका छैनन् । अब आउने व्यवस्था आफूले रोजेर ल्याएको आफ्नै व्यवस्था हो र आफूले नचाहेको बेलामा फेर्न सकिन्छ भन्ने अनुभूति नगराई लोकतन्त्रले नेपाली माटोमा जर गाड्न सक्तैन । अब नेपाली जनताले जुनसुकै व्यवस्था रोजे पनि त्यो नेपाली जनताको आफ्नै व्यवस्था हुनेछ र त्यसबारे अरुकसैसँग गुनासो गर्न पाइनेछैन भन्ने अनुभूति गराउन सकिएन भने फेरि पनि

गल्ती हुने सम्भावना छ । यो अनुभूति गराउनु अबको मिडियाको जिम्मेवारी र हाँक पनि हो ।

नेपाली मिडियाले नयाँ नेपाल निर्माणका लागि खेल्नुपर्ने भूमिकालाई तीन चरणमा राख्नसकिन्छ : १) अन्तरीमकालमा २) संविधानसभाको निर्वाचनसम्म र ३) संविधान निर्माणाकलमा ।

यसका साथै लोकतन्त्रको लागि भूमिका खेल्नका लागि मिडियाको लोकतन्त्रीकरण पनि आवश्यक हुन्छ । संविधान बनेर नयाँ राज्य प्रणालीमा गएपछि पनि मिडियाले निर्वाध अभिव्यक्ति तथा प्रेस सवतन्त्रता र माध्यमको स्वतन्त्रता उपभोग गर्न पाउने र आम जनताको संचार अधिकार सुनिश्चित गर्ने कुरामा अहिले देखि सक्रियाता देखाउनै पर्छ । यसको लागि संचारकर्मीमात्रै होइन नागरिक समाज नै सक्रिय हुनुपर्छ ।

मिडियालाई लोकतान्त्रिक बनाउने काममा  १) भावी राजनीतिक व्यवस्था, २) विश्वव्यापीकरण, व्यापारीकरण र विदेशी लगानी, ३) पत्रकारहरुको शिक्षा, प्रशिक्षण, पेशागत हित र वृत्तिविकास, ४) जनताको संचार अधिकारको प्रत्याभूति र जनताको मिडिया चेतनाको स्तर तथा ५) विभिन्न तहमा लिंग, जातजाति, भाषा, क्षेत्र आदिको सहभागिता आदि विषयहरुले महत्वपूर्ण भूमिका खेल्ने निश्चित छ ।

अहिले नेपालमा राजधानीदेखि जिल्लाजिल्लासम्म, पँधेरादेखि पार्लियामेन्टसम्म, स्थानीय अखबारदेखि स्याटेलाइट टेलिभिजनसम्म भावी नेपालको संरचना, खास गरी संविधानसभा र नयाँ संविधानको स्वरुपबारे छलफल, बहस भइरहको छ । मिडियामार्फत चेतनामूलक कार्यक्रमहरु पनि भइरहेका छन् । यस्ता बहस छलफलले हरेक वर्ग र तहका जनतालाई सहभागी बनाउनु बाकी छ ।

अहिले चलिरहेका बहस छलफल र रिपोर्टिङमा कतिपय विषयहरुमा रिपोर्टरको अतिउत्साह वा अनभिज्ञताका कारण प्रतिगामी विषय र स्वार्थहरुले पनि बेलाबेलामा महत्व पाइरहेको देखिन्छ ।  मिडिया स्वयं सुसूचित भएन भने त्यसको नकारात्मक प्रभाव देखिनसक्छ । कतिपय मिडियाले जानीजानी प्रतिगमनलाई बातावरण तयार पारिदिने खालका गतिविधि गर्दैनन् भन्न सकिँदैन । राज्यको पुनर्संरचना, संधीय राज्य प्रणाली, मधेश र पहाडको संस्कृति र राष्ट्रियताको सवाल तथा भाषा जातीय आधारमा गरिने संरचना समावेशीकरणका विषयहरुमा गरिने बहस छलफललाई मिडियाले वांछित दिशा दिन सकेन भने अर्को विद्रोह र विखण्डनको आँधीबेरी आउनसक्छ । उदाहरणका लागि नेपाल टीभीले असार २६ गते प्रसार गरेको प्रतिध्वनि कार्यक्रममा एक जना मधेसी नेताको भनाइ “मसँग नागरिकता छ तर राष्ट्रियता छैन । नेपाल स्पष्ट रुपमा दुई भौगोलिक देश हो : मधेस र पहाड । यो विखण्डन होइन एकीकरण हो ...” ले भावी नेपालको निर्माणलाई कत्तिको सघाउँछ ? धर्मनिरपेक्षताको घोषणा विरुद्ध भएको सडकप्रदर्शनको टीभी कभरेज जस्तो शैलीमा भयो त्यसले कसलाई फाइदा गर्छ ? यस्ता कुरामा मिडियाको संवेदनशीलता मात्रै होइन लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धताको आवश्यकता र महत्व दिनदिनै बढिरहेको छ ।

लोकतान्त्रिक सिद्धान्त, मान्यता र आचरण विरुद्धका गतिविधि र समाचारलाई प्रमुखता दिने, गौरवान्वित गरेर प्रस्तुत गर्ने बारेमा मिडिया चनाखो हुनुपर्छ र यसमा नागरिक समाजको निगरानी र सहयोग पनि आवश्यता छ । साथै बहस छलफलहरु साँच्चै जनतालाई शिक्षित पार्ने र जनमत बनाउने दिशामा भइरहेका छन् कि केवल बौद्धिकताको प्रदर्शन, वाणिविलासको रुपमा वा प्रोजेक्टको लागि भइरहेछ भन्ने कुरामा पनि मिडिया सचेत हुनैपर्छ

। त्यस्तै हतियारधारी शक्तिले मिडिया संचालन गर्नु कुनै पनि लोकतन्त्रमा स्वीकार्य हुनसक्तैन । यसले जनमत अभिव्यक्त गर्ने र निष्पक्ष निर्वाचनमा ठाडै प्रभाव पार्छ ।

संविधान सभाको स्वरूप र विधि तय गर्ने र संविधान बनाउने क्रममा प्रतिगामी तथा विभिन्न शक्ति केन्द्र र क्षुद्र स्वार्थ वर्गहरूबाट आइलाग्नसक्ने बाधा व्यवधारहरूबारे पनि मिडियाले जनता र सरकारलाई सचेत पार्नैपर्छ । हिंसामा हुर्केको शक्तिलाई शान्तिपूर्ण संक्रमण र संविधानसभा र संविधान तर्जुमा गर्ने काममा शान्ति र लोकतान्त्रिक विधिमा लाग्न प्रेरित र वाध्य पार्ने काममा पनि मिडियाको महत्वपूर्ण भूमिका हुनुपर्छ ।

सारमा भन्नुपर्दा, जनआन्दोलनबाट जनताले गरेको अपेक्षा, प्रतिनिधि सभाले गरेको घोषणा, सात दल र माओवादीबीच भएका विभिन्न समझदारी र सम्झौता तथा संविधानसभाको चुनाव गरी नयाँ संविधान बनाउने सबै कदमहरुलाई सघाउँदै यो लक्ष्यको विरुद्धमा हुनसक्ने षडयन्त्र र जानीनजानी हुने गतिविधि र विभिन्न शक्ति केन्द्रहरुको क्षुद्रस्वार्थलाई भण्डाफोर गर्दै लोकतान्त्रिक नेपाल निर्माणमा सक्रिय योगदान दिनु अहिले नेपाली मिडियाको प्रमुख दायित्व हो । लोकतान्त्रिक नेपालको निर्माण संकटमा पर्‍यो भने मिडियाको अस्तित्व पनि संकटमा पर्छ भन्ने कुरा कदापि बिर्सनु हुँदैन ।

धन्यवाद ।

२०६३ असार २८ गते बुधबार ।